मकवानपुरमा जीर्ण काठका पोलले जोखिम बढ्दै । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-०३ ● २०८१ साउन २१ गते सोमबार, ● 05 August, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बागमती प्रदेशमा ९.९६ प्रतिशतले अपराध बढ्यो



◆ विकास संवाददाता

बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले सार्वजनिक गरेको तीन आर्थिक वर्ष (आव)को तथ्याङ्क अनुसार गत आवमा मुद्दा दर्ता र अपराधका घटना बढेको छ । बागमती प्रदेशका काठमाडौँ उपत्यकाका तीन जिल्लाबाहेकका १० जिल्लामा १० प्रतिशतले अपराधका घटना बढेको जनाइएको छ ।

आव २०७८/७९ मा चार हजार ४०५ र आव २०७९/८० मा चार हजार ६७९ अपराधका घटना भएकोमा गत आवमा पाँच हजार १९७ मुद्दा दर्ता र अपराधका घटना भएका छन् । प्रहरीका अनुसार अघिल्ला आवको तुलनामा गत आवमा ९.९६ प्रतिशतले अपराध बढेको देखिन्छ । गत आवमा संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना बढेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाको तथ्याङ्कले देखाएको छ । प्रदेशको तीन आवको तथ्याङ्कले बैङ्किङ कसुर र वित्तीय अपराधका घटनामा वृद्धि भएको देखाएको हो । संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना आव २०७८/७९ मा ५६३ भएकोमा आव २०७९/८० मा वृद्धि भई ९०४ र गत आवमा एक हजार ३३४ पुगेको छ । यस्तै गत आवमा ज्यानसम्बन्धी ९९१, आत्महत्यासम्बन्धी ९९७, चोरीसम्बन्धी २६५, सामाजिक अपराधसम्बन्धी ८४९, सवारीसम्बन्धी ३१० र अन्य ४७१ अपराधसँग सम्बन्धित घटना भए ।

गत आवमा ३५२ लागुऔषध, ४८ कर्तव्य ज्यान, २८६ जबरजस्ती करणी, आठ मानव बेचबिखन तथा ओसार पसार, पाँच अपहरण तथा शरीर बन्धक, दुई डाँका र अन्य २७ अपराधका घटना भएका छन् । गत आवमा २८६ वटा जबरजस्ती करणी, ४६ बहुविवाह, ५१ जबरजस्ती करणी उद्योग, आठ वटा मानव बेचबिखन तथा ओसारपसार र दुई वटा बालविवाहसँग सम्बन्धित अपराधका घटना भएका छन् ।

## हेटौंडा उपमहानगरपालिकामा १५० प्रतिशत कर बढ्यो !

विकास संवाददाता
थाहानगर



मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले १५औं नगर सभाबाट करका दरमा व्यापक वृद्धि गरेको पाइएको छ । उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को लागि बहाल करदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म गुपचुपमै वृद्धि गरेको पाइएको हो ।

साउन लागेपछि कर तिर्न आउँदा सेवाग्राहीले नयाँ करका दर रहेको थाहा पाएपछि वृद्धिको विषय बाहिर आएको छ । जानकारी नै नदिइ करका दर वृद्धि भएको विषयमा व्यवसायिक संघसंस्था आन्दोलित बनेका छन् । नगर सभाबाट गुपचुपमै कर बढाइएको उनीहरूको आरोप छ । मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ मकवानपुर लगायतका संघसंस्था आन्दोलित छन् । उद्योग वाणिज्य संघले १८ साउनमा नगर उपप्रमुख राजेश बानियाँलाई भेटेर कर वृद्धिको निर्णय सच्याउन अनुरोध गरेको छ ।

निर्माण व्यवसायी संघले १८ साउनमा नगर प्रमुख मिनाकुमारी लामा कार्यालयमा नभएकाले ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रम आइतबारलाई सारेको छ । ७ असार २०८१ मा सम्पन्न १५ औं नगर सभाबाट ६ वटा समूहमा विभाजन गरिएको वहालकर ५० प्रतिशतसम्म वृद्धि गरिएको छ । 'ए' देखि 'एफ' समूहसम्मका करदातालाई क्रमशः ७ हजारबाट १० हजार, ६ हजारबाट ८ हजार ५ सय, ५ हजारबाट ६ हजार ५ सय तथा ४, ३ र २ हजार कर रहेकालाई थप एक हजार का दरले करमा वृद्धि गरिएको कार्यालयले जनाएको छ ।

यसैगरी, उपमहानगरपालिकाले थोक बिक्रेतातर्फ ५० प्रतिशत, 'क' वर्गको थोक तथा खुद्रा बिक्रेता र कोल्ड ड्रिंग्स तथा बेकरीमा १ सय प्रतिशतले राजश्व वृद्धि गरेको छ । सुनचाँदी गरगहनातर्फ ठूला बिक्रेताको हकमा ६६ प्रतिशत र ज्याला लिई सुनचाँदीको काम गर्नेको हकमा ५० प्रतिशतले कर बढाएको हो । श्रृंगार, खेलौना र उपहार बिक्रेतालाई १ सय प्रतिशत, मोटरसाइकल मर्मतमा १ सय, हेभी सवारीसाधन बिक्रेतालाई ५० प्रतिशत, स्टेशनरीमा २० प्रतिशत, कृषि तथा भेटनरीमा ६०, कम्प्युटर, मोबाइल तथा फोटोकपी मर्मतमा १ सय प्रतिशतसम्म कर वृद्धि गरिएको हो । ड्राइक्लिनर्सलाई १ सय ३३ प्रतिशत र सुपरमार्केटलाई १ सय ५० र मार्टलाई ८७ प्रतिशतसम्म कर वृद्धि गरिएको जनाइएको छ ।

राजस्व परामर्श समितिका संयोजकसमेत रहेका नगर उपप्रमुख राजेश बानियाँले करका दरमा थोरै हेरफेर भएको विषयलाई व्यवसायीहरूले धेरै बढाएको भनेर हल्ला गरेको बताए । लामो समयदेखि यथास्थितिमा रहेको करलाई वैज्ञानिक ढंगले वृद्धि गरिएको उनको दाबी छ । व्यवसायीहरूले उठाएको विषयमा छलफलबाट समाधान निकालिने उनले बताए । प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले अनुगमनको क्रममा घरभाडा बढी लिइरहेको भेटिएपछि बहाल करमा वृद्धि गरिएको बताए । गौतमले नगरको आयस्रोतलाई ध्यान दिएर सभाले निर्णय गरेको प्रतिक्रिया दिए ।

प्रमुख प्रशासकीय अधिकृत गौतमका अनुसार उपमहानगरको वार्षिक आय घट्दो क्रममा छ । महत्वपूर्ण आयस्रोतको रूपमा रहेको नदीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण कार्य दुई वर्षदेखि बन्द रहेकाले आयस्रोत खुम्चिएको गौतमले बताए । उनका अनुसार वार्षिक ७/८ करोड रूपैयाँ आम्दानी नदीजन्य पदार्थको उत्खनन् र बिक्री वितरणमा हुने गरेको थियो ।

आर्थिक मन्दी लगायतका कारणले व्यवसायी पलायन भइरहेको र व्यवसाय गरिराखेकाहरू पनि आर्थिक संकटमा गुज्रिएको बेला कर वृद्धिको निर्णय मान्न नसकिने उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले बताए । बैंक कर्जा तथा बैंक ब्याजमा सुविधा, राजस्वमा सहुलियत, नीतिगत सहजीकरण, उद्योग/व्यवसाय क्षेत्रलाई सहज सञ्चालन गर्ने वातावरणको निर्माण गर्न छोडेर कर बढाउनु उचित नभएको उनको भनाइ छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर

राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन हुनेसम्बन्धी
अत्यन्त जरूरी सूचना

यस थाहा नगरपलिकाको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको राष्ट्रिय परिचयपत्र तपसिलको मिति, समय र स्थानमा दर्ता/संकलन गर्ने कार्यतालिका रहेको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | मिति | वडा नं. |
|---|---|---|
| १. | २०८१ श्रावण २७ | १,२,३,४,५,६ |
| २. | २०८१ श्रावण २८ | ७,८,९,१०,११,१२ |

शिविर हुने स्थान : नगरपालिकाको कार्यालय
समय : विहान ८ बजेदेखि बेलुका ५ बजेसम्म
आवश्यक कागजात
१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
२. जन्म मिति नखुलेको हकमा सो खुल्ने प्रमाण ।
३. नागरिकतामा उल्लेख भएको ठेगाना भन्दा फरक ठेगाना भएमा बसाइसराई वा बसोबास प्रमाणित भएको कागज ।
४. नागरिकताको प्रमाणपत्रमा पती पत्नी नखुलेमा विवाह दर्ता प्रमाणपत्र वा विवाह प्रमाणित भएको कागजात वा नाता प्रमाणित वा पतीपत्नी भएको प्रमाणित हुने कागजात ।
५. नागरिकताको प्रमाणपत्रमा अंग्रेजी नाम नखुलेको भए सम्भव भएसम्म अंग्रेजीमा नाम खुल्ने कागजात ।
६. विवरण पुष्टि गर्ने अन्य कागजात ।

पुनश्च :
•स्थलगत विशेष दर्ता शिविर कार्यक्रम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूका लागि मात्र सञ्चालन हुनेछ ।
•वृद्धवृद्धा लाभग्राही समूह बाहेकका सवै सेवाग्राहीहरूको जिल्ला प्रशासन कार्यालयबाटै नियमित रूपमा सेवा प्रदान गरिनेछ ।
•९० वर्ष माथिका र अपाङ्गता रातो कार्ड भएका लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

प्रमुख प्रशासकीय अधिकृत

पखाला लाग्नबाट बच्ने उपाय

• चर्पीमा मात्र दिसा पिसाव गर्ने
• दिसा पिसाव गरिसकेपछि साबुनपानीले मिचिमिची हात धुने
• खाना बनाउनु, खुवाउनु र खानु अघि साबुनपानीले मिचिमिची हात धुने
• पानी उमालेर, फिल्टर गरेर वा एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने
• बासी, सडेगलेको, झिँगा भन्केको खानेकुरा नखाने
• खानेपानीको मुहान सफा र सुरक्षित राख्ने



थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

# • सम्पादकीय •

## कोदो जोन पनि बनाउन सकिन्छ

कोदो नेपालको मध्य पहाडी भेगको मकैपछि सबभन्दा धेरै उत्पादन हुने बाली हो । अफ्रिका महादेशको इथोपियाबाट विश्वव्यापी रुपमा फैलिएको मानिने कोदोका विभिन्न प्रजातिहरु छन् । कोदो बाली र यसको उपभोग सम्बन्धी अध्ययन गर्ने अध्येताका अनुसार जुनसुकै प्रजातिको भए तापनि कोदो एक प्रकारको औषधिजन्य बालीका रुपमा प्रमाणित भइसकेको छ । कोदो मधुमेह, उच्च रक्तचाप, कब्जियत र पाचन प्रणाली सम्बन्धी समस्या, कोलेस्ट्रोललगायत विभिन्न रोगहरुका लागि उपयोगी खाद्यान्नको कोटीमा पर्दछ । मकैले धान जुँगा फाल्यो भने मकैभित्र रोप्न सकिने कोदोलाई घुसुवा बालीका रुपमा कृषि विशेषज्ञहरुले चर्चा गरेको पाइन्छ । आज कोदोको माग विश्वव्यापी छ । तराई, पहाड जहाँ पनि खेती गर्न सकिने कोदोको लागि पानी नजम्ने, सिंचाई सुविधा नभएको नेपालको मध्य पहाडी भूगोलमा व्यवस्थितरुपमा खेती गर्ने अभियान चलाउने हो भने नेपालको पहाडका बारी पाखाहरुमा निकै ठूलो परिमाणमा कोदो उत्पादन गर्न सकिन्छ । नेपालको पहाड केही वर्षमै कोदो भण्डारका रुपमा परिणत हुन सक्छ । अहिले विश्वमै कोदोको विस्कुटदेखि लिएर विभिन्न परिकारहरु बन्न थालेका छन् । त्यसैले आज कोदो एउटा परपर्दो नगदे बालीका रुपमा परिणत भएको छ । कोदो अन्तर्राष्ट्रिय रुपमा नै निकै महत्व र चर्चामा आउन थालेको बाली हो । संयुक्त राष्ट्र संघले सन् २०२३ लाई "अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष" घोषणा गरेको थियो । राष्ट्र संघको ७५ औं महासभाले सन् २०२१ मार्चमा कोदो बालीको महत्वबारे प्रकाश पार्दै "कोदोजन्य बाली वर्ष" मनाउने निर्णय गरेको थियो । विश्वका कतिपय मुलुकमा कोदोलाई स्वास्थ्यबर्द्धक र उदीयमान बालीका रुपमा स्थान दिएका छन् ।

राज्यले कोदो खेतीका लागि प्याकेज कार्यक्रम ल्याउने गरेका छन् । हाम्रा छिमेकी मुलुक चीन र भारतले केही वर्षदेखि कोदो खेतीलाई प्राथमिकताको सूचीमा राखेर कार्यसम्पादन गरेका छन् । तर नेपालमा कोदो खेती अस्ताउँदो खेतीका रुपमा परिचित हुन थालेको छ । यो एउटा बेवास्ताको खेती बन्न गएको छ । जुन दुःखद छ । कोदो सामान्य जलवायु परिवर्तनको अवस्था तथा प्राकृतिक मनसुनको भरमा फल्ने, सिंचाईको आवश्यकता नपर्ने सहज खेती हो । कृषि मन्त्रालयको विवरण अनुसार नेपालका ७० वटा जिल्लामा कोदो खेती गर्न सकिन्छ । तर पछिल्ला वर्षमा कोदो खेती गर्ने किसानको संख्या लगातार घट्दै गएको छ । नेपालको सामन्तवादी सोच, शैली र व्यवस्था भएको मुलुक हो । त्यसैले मानिसको सामाजिक हैसियतलाई धानखेती वा चामलको गजले नाप्दै आइयो । नेपाल त्यस्तो संस्कारबाट आज पनि ग्रसित नै छ ।

देशमा अर्ग्यानिक खेतीको खाद्य कार्यक्रम ल्याउने हो भने त्यसको सूत्रपात कोदोजन्य बालीबाट गर्न आवश्यक हुन्छ । केही वर्षदेखि नेपालका शहर बजारमा कोदोको ढिंडो तथा रोटी खाने प्रचलन शुरु भएको छ । तर नेपालमा सरकारले यो बालीको अनुसन्धान, उत्पादन र विकासमा ध्यान पुर्‍याएको देखिन्न । नेपालमा कोदोको ममः, केक, विस्कुटजस्ता परिकार बन्न थालेका छन् । जनजाति समाजमा कोदोको मदिरा, तुम्बा, जाँडजस्ता पेय पदार्थ उपभोग गर्ने प्रचलन छ । यसलाई ब्राण्डिङ गरेर विदेश पठाउने हो भने पर्याप्त आर्थिक लाभ लिन सकिन्छ । सरकारले कोदो उत्पादनको विषयलाई महत्वपूर्ण स्थान दिएर प्राथमिकताको सूचीमा राख्नु पर्छ । चीनले जस्तै नेपालले पनि आफ्नो मध्य पहाडको बाँझो जमिनलाई कोदो जोनका रुपमा परिणत गर्न जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# शिक्षालाई श्रम तथा जीवन र जगतसँग जोडौं



◆ बाबुकाजी कार्की

शिक्षालाई श्रम तथा जीवन र जगतसँग जोडिनुपर्छ । मानव जीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिको अन्तरनिहीत प्रतिभालाई प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्नेतर्फ उन्मुख गराउनु हो । सामाजिक, सांस्कृतिक, धार्मिक रहनसहन, मूल्यमान्यता पहिचान र समायानुकूल परिमार्जन तथा परिष्कृत गर्र्दै जीवनशैलीमा उतार्न सक्षम सकारात्मक नागरिक शिक्षाले उत्पादन गर्नुपर्छ । शिक्षाले दैनिक जीवनमा आईपर्ने चुनौतीलाई सहजरूपमा सामना गर्न सक्ने सिर्जनात्मक एवं रचनात्मक प्रतिभाको विकास गर्न सक्नुपर्छ । श्रमप्रति आस्था र विश्वास राख्ने लगनशील पौरखी नागरिक उत्पादन गर्ने उद्देश्य केन्द्रित शिक्षाका नीति तथा कार्यक्रम हुनुपर्छ ।

रोजगारीको लागि नेपालीहरू भौतारिँदै कस्तुरीले आफूमा भएको सुगन्धविनाको ज्ञान नभएर कहाँबाट बास्ना आयो भन्दै भौतारिँएर हिँडेजस्तै मृगतृष्णाको रूपमा आफ्नै देशमा उपलब्ध पेसा अँगाल्न हिच्किचाउँदै हजारौँ, लाखौँ रूपैयाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफूल खेती, भैँडा चराउने, गधा जोत्नेजस्ता कृषिजन्य काम गर्न तँछाडमछाडका साथ पुगेका छन् । अर्कोतर्फ छिमेकी देशहरूबाट रोजगारीका लागि नेपाल आएर फलफूल तरकारी र अन्य सामान बेच्न सहर बजारमा मात्र नभएर विकट गाउँहरूमा पनि छ्यापछ्याप्ती पुगेको पाइन्छ । तर गर्वका साथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन् ? त्योभन्दा तल्लोस्तरको काम गर्न मुगलाननै पस्नुपर्ने किन ? यस्तो मनोवैज्ञानिकतालाई कसरी परिवर्तन गर्न सकिएला ? आफ्नो देशमा रोजगारी नपाएमा चारैतिर अभावै अभावबाट छटपटिई निराश भई विरक्तिएर विदेशिएका नेपाली झन् कष्टकर, अमानवीय व्यवहार सहन बाध्य भएर विचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ । यसरी तावाबाट उम्केको माछा भुङ्ग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ । त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराइमा फरक हुनाको कारण के हो ? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नुपर्ला ? जस्ता प्रश्नको विश्लेषणबाट सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नुहुदैन ।

शिक्षालाई गुणस्तरीय जनमुखी, प्रगतिशील जीवनोपयोगी विशेषणबाट सम्बोधन गरिएको पाइन्छ । गुणस्तर प्राप्ताङ्कको आधारमा निर्क्योल गर्ने प्रचलन प्रशस्तै छ । जसको कारणबाट आमाबुबाको अर्थ नबुझ्ने तर ड्याड ममको संस्कारमा हुर्कने, दूध कहाँबाट आउँछभन्दा डेरीबाट भन्ने गाई भैँसीको जानकारी नराख्ने कृषिमा हलो, फाली, करूवा दाँते आदिको बारेमा जानकारी नहुने सैद्धान्तिक ज्ञान मात्र भएको तर अल्पव्यावहारिक ज्ञान भएका नागरिकभन्दा आफ्नो परिवेशलाई समेत साक्षात्कार गर्ने गराउने गरेर सिक्ने खालको शिक्षाको अवलम्बन गरिनुपर्छ । शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्छ । माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्छ । अतः दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको शिक्षा हुनुपर्छ । कुनै व्यक्तिको प्रमाणपत्रको प्राप्ताङ्कभन्दा पनि उसले देखाउने बानी व्यवहार, चालचलन, चरित्रको आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्छ ।

पेपर-पेन्सिल परीक्षाको आधारमा मात्रै विद्यार्थीको उपलब्धिस्तर गणितीय प्रस्तुति गरिने परम्परालाई निरूत्साहित गर्दै शिक्षाको मूल मर्मअनुसार व्यवहारमा सकारात्मक परिवर्तनको आधारमा मूल्याङ्कन गर्ने उपायहरू खोजिनुपर्छ । उच्च अंक प्राप्त गर्नेले त्यसको औचित्य पुष्टि गर्न व्यवहारमा उतार्न सक्नुपर्छ । हाम्रो मूल्याङ्कन पद्धति कसरी विश्वसनीय र वस्तुनिष्ठ बनाउन सकिन्छ भन्ने चिन्ता र चिन्तन गर्नुपर्ने देखिन्छ । किनकि एक सय पूर्णाङ्कमा सरदर ३२ प्रतिशत मात्रै विषयवस्तु जानेमा उत्तीर्ण हुने पद्धतिलाई पुनरावलोकन गरिनुपर्छ । त्यस प्रकारको परीक्षाबाट पनि सरदर ५२ प्रतिशत अंक मात्रै विद्यार्थीले प्राप्त गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ । कतिपय विषयमा पूर्णाङ्क प्राप्त गर्नु आठौँ आश्चर्य भएको छ । अर्कोतर्फ कतिपय विशिष्ट श्रेणीमा उतीर्ण भएकाहरू जसलाई उच्च गुणस्तर भनिन्छ, उनीहरूको अपेक्षाकृत व्यवहार सकारात्मक भएको देखिन्नँ । त्यसकारण सिर्जनशील लगनशील प्रतिस्पर्धी उत्साही, ऊर्जाशील सफल नागरिक बनाउने खालको व्यावहारिक पौरख शिक्षा आजको आवश्यकता हो । जसअनुसार श्रमप्रति सम्मान जगाउने धारणाको विकास गराउनुपर्छ । पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धतिलाई विद्यार्थी केन्द्रित गरिनुपर्छ । त्यस्तै, विद्यालयको वातावरण विद्यार्थीको जीवनपद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्छ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्छ । साथै, उनीहरूको पारिवारिक, आर्थिक, सामाजिक सांस्कृतिक मूल्यमान्यता संस्कार एवं भावना आदिलाई मध्यनजर राखेर शैक्षिक नीति तर्जुमा गरिनुपर्छ । राज्यले तोकेको पाठ्यक्रमका अतिरिक्त तीव्र गतिमा परिवर्तन आएको विज्ञान र प्रविधिलाई विद्यालयमा प्रवेश गराउनुपर्छ ।

विद्यालयको वातावरण विद्यार्थीको वैयक्तिक एवं पारिवारिक विभिन्नतालाई उच्च मूल्याङ्कन गरेर सोहीअनुसार अधिकतम सम्बोधन गर्ने खालको बालमैत्री हुनुपर्छ । कक्षाकोठा विद्यालय परिसर स्वस्थ स्वच्छ एवं चित्ताकर्षक हुनुपर्छ । अतः शिक्षकले सर्वप्रथम बालबालिकालाई पढ्नु पर्छ, अनि मात्र त्यसलाई सम्बोधन गर्ने गरी विषयवस्तु र विधिको छनौट गरिनुपर्छ । अभिभावकले अँगालेको पेसालाई सम्मानपूर्वक कक्षा शिक्षणमा प्रवेश गराई छलफल गराउनुपर्छ । विद्यार्थीलाई सामाजिक, सांस्कृतिक कार्यक्रमको तर्जुमा र सम्पन्न गर्न जिम्मेवारीपूर्वक सक्रिय सहभागी गराउने परिस्थिति बनाउनुपर्छ । विद्यार्थीले सामान्यतया छ घण्टा मात्रै विद्यालय र बाँकी १८ घण्टा घरपरिवार र समुदायमा बिताउँछन् । तसर्थ, घरपरिवार र समुदायप्रति जिम्मेवार र जवाफदेहीपूर्वक व्यवहार गर्ने ल्याकतको विकास उनीहरूमा गरिनुपर्छ ।

घरपरिवारमा पनि सहज शैक्षिक वातावरण बनाउन विद्यालयले विद्यार्थीको पठनपाठन बारेमा अभिभावकसँग निरन्तर सम्पर्क राख्ने नीति लिनुपर्छ । त्यसकारण त्यहाँको वातावरण पनि बालबालिकाको रूचि र क्षमताअनुसार दिनानुदिन विज्ञान र प्रविधिमा भइराखेको प्रगतिको उच्चतम प्रयोगको अभ्यास गर्ने गराउने सहज अवसर पाउने खालको हुनुपर्छ । उनीहरूको जीवनशैलीलाई सुविधा सम्पन्न, प्रभावकारी र प्रभावशाली बनाउँदै निरन्तर समाज र देशलाई प्रगतिउन्मुख बनाउन प्रयत्नशील जिम्मेवार नागरिक बनाउने खालको प्रगतिशील शिक्षा आजको खाँचो हो । बालबालिकाभन्दा हामी जान्ने छौँ हामीले भनेको मात्र उनीहरूले मान्नुपर्छ भन्ने पुरातनवादी सोचका आधारमा उनीहरूलाई जबरजस्त लाद्ने खालको विषयवस्तु र विधिभन्दा पनि उनीहरूको क्षमता मागअनुसारको शैक्षिक वातावरण बनाउने पौरखी नागरिक उत्पादन गर्ने पहिलो सर्तको रूपमा लिन सकिन्छ । कार्यकुशलतालाई निखार दिन स्थानीय आवश्यकता अनुसारको खपत हुने जनशक्ति उत्पादन गर्ने खालका पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिनुपर्छ । व्यावसायिक शिक्षाको प्रयोगात्मक कक्षामा उत्पादित सामान बजारसम्म लाने र ग्राहकलाई बेच्ने अभ्यास गराएर उनीहरूमा आत्मबल र आत्मविश्वास गराउनुपर्छ ।

मानवीयलगायतका साधन स्रोतको उच्चतम प्रयोग गर्ने वातावरण सिर्जना गर्नुपर्छ । शिक्षाकर्मीहरूको पेशागत दक्षता र समर्पण बढाउने खालका सेवासुविधाको व्यवस्था गरिनुपर्छ । त्यस्तै, शिक्षक र त्यससँग आबद्ध शिक्षाकर्मीहरूको पेशागत दक्षताको मूल्याङ्कन विद्यार्थीको उपलब्धिको आधारमा गरिनुपर्छ । त्यस्तै, बालबालिकाको सक्रिय सहभागिता विद्यालयभित्र तथा बाहिरका कार्यक्रममा प्रत्यक्ष र परोक्षरूपमा बढाउन बाल क्लबलाई स्थापना गरी सक्रिय बनाउनुपर्छ । उनीहरूमा आत्मबल र आत्मविश्वासको वृद्धि र विकास गर्न सामाजिक परोपकारी कार्यकलापमा प्रत्यक्ष सहभागी हुन प्रोत्साहित गरिनुपर्छ । किनकि विद्यार्थीहरू भविष्यका कर्णाधार र वर्तमानका साक्षेदार हुन् भन्ने मान्यताअनुरूप उनीहरूको संलग्नतालाई उच्च प्राथमिकता दिइनुपर्छ । त्यसैगरी

*बाँकी पेज ३ मा*

## लामो समय कुर्सीमा बस्दा मुटु रोग लाग्छ

कार्यालयमा होस् वा सवारीसाधनमा अथवा घरमा, धेरै मानिस दैनिक रूपमा एकै ठाउँमा लामो समय बसिरहने गर्छन् । यसरी गतिहीन भएर एकै ठाउँ लामो समय बसिरहँदा त्यसले मुटु र मधुमेहसम्बन्धी गम्भीर स्वास्थ्य समस्याहरूको खतरा बढाउन सक्छ ।

सन् १९५३ मा इपिडिमियोलोजिस्ट जेरेमी मोरिसले गरेको एक अनुसन्धानमा लन्डनमा बस कन्डक्टरको दाँजोमा बस चालकहरूमा मुटुसम्बन्धी रोग दुई गुणाभन्दा बढी हुने देखिएको थियो । जनसांख्यिक हिसाबले उमेर, लिङ्ग र आयको आधारमा काम गर्ने दुई वटा समूह ब्रिटेनमा समान हुन् तर यस्तो उल्लेख्य फरक किन?

मोरिसको जबाफ छः बस कन्डक्टर ले दुई तले बसमा भऱ्याङ पनि चढ्नुपथ्र्यो र टिकट बेच्दा उभिनु पर्थ्यो तर बस चालक भने लामो समयसम्म सीटमा बसिनै रहन्थे । उनको ऐतिहासिक अध्ययनले शारीरिक गतिविधि र मुटुको स्वास्थ्यबीचको सम्बन्धबारे प्रारम्भिक अध्ययन गरेको थियो । अहिले लन्डनमा बसमा कन्डक्टर हुने भन्ने विगतको कुरा भए पनि मोरिसको परिणाम विगतमा कहिल्यै नभएको तहमा सान्दर्भिक भएको छ । कोभिड-१९ महामारीयता घरबाटै काम गर्ने विषयमा ठूलो परिवर्तन आएको छ र यो बढ्दो क्रममा हुँदा हाम्रो एकै ठाउँमा बसिरहने समय बढाउने देखिन्छ ।

लामो समय एकै ठाउँमा बस्दा (सेडेन्टरी बिहेभिअर) मानिसले बसिरहने कारणले ऊर्जा कम खर्च गर्छ र मुन्टो निहुराएर बस्छ । आमरूपमा टीभी हेर्नु, गेम खेल्नु, सवारी चलाउनु र कुर्सीमा बसेर काम गर्नुजस्ता कुराहरू त्यसमा पर्छन् । एकै ठाउँमा धेरैबेर बसिरहनु मुटु रोग र टाइप २ डायबिटिज तथा अल्पायुमै मृत्यु जस्ता समस्याहरूसँग जोडिएको हुन्छ ।

# कुकुर पाल्दा ५ बुँदा सम्झौं

**को**रोना महाव्याधिको समयमा विश्वभर कुकुरको बच्चाको माग अत्यधिक भएको तथ्यांक छ । त्यसबखत मान्छेहरू घरभित्रै बस्नु पर्दा खेल्न र रमाउनका लागि कुकुरको साथ खोजेको पाइन्छ । हार्वर्ड हेल्थमा प्रकाशित एक शोधले भन्छ, 'कुकुर, बिरालो जस्ता घरपालुवा जनावर ले मान्छेलाई एक्लोपन र उदासीबाट मुक्त राख्न सहयोग गर्छ ।'

आज होइन, आदिम युगदेखि मान्छेले कुकुरलाई आफ्नो साथमा राख्दै आएको अनुमान गरिन्छ । खासगरी सिकार र सुरक्षाका लागि उनीहरूले कुकुरलाई आफूसँगै राखे । त्यसैले त मिथक र इतिहासमा कुकुरका प्रसंगहरू जोडिन आइपुगे । अहिले कुकुर पाल्ने क्रम व्यापक छ । यसको पछाडि चार कारण देखिन्छन् । एक, आवश्यकता । दुई, प्रेम । तीन, सौख । त्यसबाहेक देखासिकी र लहलहैमा पनि कुकुर पाल्नेको जमात ठूलो छ ।

कुकुर पाल्न रहर गर्नेहरूमध्ये कतिपयले यो प्राणीलाई राम्ररी खानापानी नदिने मात्र होइन, बूढो र रोगी भएपछि सडकमा लगेर छाडिदिने गर्छन् । यसरी बिजोग भएर सडकमा आइपुग्ने कुकुर खान नपाएर वा अरूको कुटपिटबाट मर्छन् । त्यसो त कतिपयले घरमा कुकुर पाल्न रहर गरेपनि त्यसलाई कसरी स्याहारसुसार गर्ने भन्ने थाहा हुँदैन । कुन जातको कुकुरको आनीबानी कस्तो हुन्छ भन्ने जानकारी हुँदैन । अन्धाधुन्ध पाल्छन् र स्याहार गर्न नसकेपछि अरूकै जिम्मामा छाडिदिन्छन् ।

त्यसैले कुकुर पाल्ने योजनामा हुनुहुन्छ भने तपाईंले केही कुरा थाहा पाउनैपर्छ । केही शर्त पालना गर्नैपर्छ । कुकुर पाल्ने वा नपाल्ने ? यी नौ प्रश्नबाट निर्णय गर्न सकिन्छ ।

### १. कुकुर किन पाल्दै हुनुहुन्छ ?

घरमा विभिन्न प्रयोजनले कुकुर पालिन्छ । जस्तो- घरको रेखदेख गर्न, सुरक्षा गर्न । कतिले घरमा साथीको रूपमा त कतिले परिवारको रूपमा पाल्ने गर्छन् । तपाईंलाई किन कुकुर चाहिएको हो ? स्पष्ट हुनुहोस् । किनभने कुकुरको जातअनुसार उनीहरूको क्षमता र खुबी फरक हुन्छ ।

### २. कुकुरलाई स्याहारसुसार गर्न र र माउने फुर्सद छ ?

कुकुर मान्छेभन्दा अलग जातको भएपनि भावना करिब उस्तै हुन्छ । कुकुर लाई माया, स्पर्श चाहिन्छ । स्याहारसुसार चाहिन्छ । यदि कुकुर घरमा ल्याएपछि सही समयमा खुवाउन, सरसफाइ गरि दिन, खेल्न र कुनै दुःख-बिमारमा उपचार गर्नुपर्ने हुन्छ । यसका लागि तपाईंसँग अतिरिक्त समय र लगाव हुन जरूरी छ ।

### ३. आफूले खरिद गरेको कुकुर अमानवीय र अवैध ढंगले उत्पादन गरिएको त होइन ?

अहिले व्यावसायिक रूपले कुकुरको बच्चा बिक्री गर्नेहरू जताततै छन् । यी ठाउँबाट अन्धाधुन्ध कुकुरको बच्चा खरिद गर्नुअघि त्यो कहाँ र कसरी उत्पादन गरिएको हो ? विश्वसनीय स्रोतबाट बुझौं । किनभने कुकुरको बच्चा बेच्नका लागि अवैध ढंगले कुकुरलाई खोरमा थुनेर राख्ने गरिन्छ र जीवनभर त्यसबाट बच्चा उत्पादन गरिन्छ ।

यसरी उत्पादन गरिएका कुकुरका बच्चा वंशाणुगत रूपमै कमजोर हुन्छन् । साथै यिनीहरूलाई राम्ररी स्याहारसुसार गर्न र पेटभर दूध चुस्न दिइँदैन । त्यही कारण यिनीहरू पछि गएर रोगी र कमजोर हुन्छन् । त्यसैले सकेसम्म चिनेजानेका आफन्त वा विश्वसनीय व्यक्तिबाट कुकुरको बच्चा खरिद गरौं ।

### ४. कुकुरको प्रजाति र स्वभावबारे थाहा छ ?

कुकुर विभिन्न प्रजातिका हुन्छन् । सोही अनुसार उनीहरूको आनीबानीदेखि क्षमतासम्म फरक हुन्छ । कुनै कुकुर सुरक्षा गर्ने प्रवृत्तिको हुन्छ भने कुनै बढी हेलमेल हुने खालको । त्यसैगरी कुकुरको जातअनुसार त्यसलाई कसरी स्याहारसुसार गर्ने ? भन्ने कुरा पनि फरक पर्छ । कुनै कुकुर घरभित्रै खेल्छ भने कतिलाई खुला ठाउँमा खेलाउनु, हिंडाउनुपर्ने हुन्छ ।

### ५. कुकुरलाई हरक्षण बाँधेर राख्न वा खोरमा थुनेर राख्नुहुन्छ ?

धेरैले के गर्छन् भने कुकुरलाई एकै ठाउँमा साङ्लाले बाँधेर राख्छन् वा साँघुरो खोरमा थुनेर राख्छन् । मानौं यिनीहरूलाई त्यहाँ यातना दिनका लागि हिरासतमा राखिएको हो । वास्तवमा यो अमानवीय मात्र होइन अपराध पनि हो । यिनीहरूलाई कतिपय अवस्थामा नियन्त्रण गर्न बाँध्न सकिन्छ, वा खोरमा थुन्न सकिन्छ । तर सधैंभर त्यसरी राख्ने हो भने कुकुर नपालेकै राम्रो । देखासिकीका लागि यसरी कुकुर पाल्नेहरूले वास्तवमा कुकुरलाई आजीवन दुःख दिएका हुन्छन् ।

### ६. कुकुरलाई के खुवाउने, के नखुवाउने ?

कति मान्छेले कुकुर पाल्छन् तर पेटभर खान दिँदैनन् । कतिले आफूले छाडेको जुठो खाना वा बासी खानेकुरा दिन्छन् । यदि खाना दिन नसक्ने अवस्था छ भने कुकुर नपाल्नु उत्तम हुन्छ ।

कतिपयले भने कुकुरलाई माया गरेर आफूले जस्तै मसालेदार, चिनीजन्य खानेकुरा दिन्छन् । कतिले बिस्कुट, पाउरोटी दिन्छन् । वास्तवमा यी सबै खानेकुराले कुकुरको स्वास्थ्यमा एकदमै हानि गर्छ । कुकुरलाई नुन, चिनी, तेल नभएको भात, मासु, केही फल, सागपात आदि दिन सकिन्छ । बजारमा पाइने तयारी खानेकुरा पनि कुकुरका लागि त्यति पोषिलो हुँदैन ।



### ७. कुकुरलाई कति अवधिमा नुहाउने ?

कुकुरलाई कति अवधिमा नुहाइदिने भन्ने कुरामा पनि धेरैमा अलमल देखिन्छ । कुकुरलाई धेरै छोटो अवधिमा नुहाउनु हुँदैन, उसको छाला एकदमै पातलो हुन्छ । नुहाइरहँदा छालामा संक्रमण हुनेदेखि निमोनिया हुनेसम्मको जोखिम हुन्छ । त्यसैले दुई वा तीन महिनाको अन्तरमा नुहाइदिनु उचित हुन्छ । अन्य बेला भने कपाल कोर्ने, मुख, कान, आँखा सफा गरिदिने गर्न सकिन्छ ।

### ९. कुकुरलाई के सिकाउने, के नसिकाउने ?

कुकुरलाई सानैमा तालिम दिइयो भने धेरैकुरा सहज हुन्छ । उनीहरूलाई दिसा-पिसाब गराउन, जथाभावी खानेकुरामा जुठो नलगाउन, मान्छेले छुँदा वा चलाउदा सहज बस्नका लागि तालिम दिन सकिन्छ । उनीहरूलाई निश्चित ठाउँमा दिसा-पिसाब गर्न सिकाउनुपर्छ, आफ्नो इशारापछि मात्र खानेकुरा खाने बानी बसाल्नुपर्छ । घरमा मान्छेहरू आउँदा भुक्न वा झम्टिन दिनुहुँदैन । सबैसँग घुलमिल हुन सिकाउनुपर्छ । यस्तो सामान्य तालिम घरमै पनि दिन सकिन्छ ।

## शिक्षालाई. ... . .

विद्यार्थी विद्यालयबाट भागेर घर जानेभन्दा पनि घरबाट भागेर विद्यालय आउने खालको उत्साहजनक स्वस्थ वातावरण विद्यालयमा सिर्जना गर्न सक्यौं भने उनीहरूले आफ्नो क्षमता चाहनाअनुरूपको व्यावहारिक ज्ञान सिप अभिवृद्धि हासिल गर्न सक्छन् । कक्षाकोठा र क्रियाकलाप लोकतान्त्रिक अभ्यास र अनुभुति दिने हुनुपर्छ । अनुशासनको नाममा भावना र विचार प्रष्फुटन हुनुलाई कुण्ठित गर्ने परम्परालाई निरूत्साहित गरिनुपर्छ । ठूलो मान्छेभन्दा पनि असल नागरिक बन्न प्रेरित अर्थात् आफ्नो खुट्टामा आफैं उभिने पौरखी नागरिक बन्ने अभ्यास गर्ने थलोको रूपमा विद्यालय बन्नुपर्छ । अतःउच्च प्राप्ताङ्कलाई मात्र गुणस्तर देख्ने सामाजिक संस्कार संस्कृति र भौतिक उपलब्धिलाई मात्र प्राथमिकता दिइने प्रगतिशील शिक्षाभन्दा श्रमप्रति सम्मानपूर्वक व्यवहार गर्दै परिश्रमको मूल्य र मान्यतालाई मर्यादित बनाउनेतर्फ प्रयास गर्ने खालको शिक्षा आजको खाँचो हो । जसले श्रमको पूजा गर्दै भेदभावरहित भावना र व्यवहार भएको संस्कारयुक्त तथा कुनै कुरा सिकेपछि त्यसको आधारमा अन्य कुराहरू रचना र सिर्जना गर्दै परिवर्तित विश्व श्रमबजारमा खरो प्रतिष्पर्धा गर्न सक्ने सभ्य, सुशील तथा स्वाभिमानी देशभक्त पौरखी नागरिक उत्पादन गर्ने शिक्षा आजको खाँचो हो ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# वडा अध्यक्ष पनि १२ कक्षा पास !

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष शिवप्रसाद खनाल पनि कक्षा १२ को परीक्षामा उत्तीर्ण भएका छन् । ५२ वर्षको उमेरमा कक्षा १२ को परीक्षा दिएका वडाअध्यक्ष खनाल पास भएका हुन् । पढाइलाई उमेरले छेक्दैन भन्ने उदाहरणलाई स्थापित गर्दै उनले जीवनको यो उमेरमा पढाइलाई निरन्तरता दिएका थिए ।

आफ्नो छोराछोरीको उमेरका बालबालिकाहरूसँगै पठनपाठन गर्दै उनी कक्षा १२ को परीक्षामा सहभागी थिए । उनले २ दशमलव ४१ जीपीए प्राप्त गरेका छन् । यसभन्दा अघिल्लो वर्ष कक्षा ११ को परीक्षामा पनि २ दशमलव ५३ जीपीए प्राप्त गरी उनी उत्तीर्ण भएका थिए । 'पढ्नलाई उमेरले छेक्दैन, इच्छाशक्ति चाहिन्छ' भन्ने कुरालाई खनालले चरितार्थ गरिदिएका छन् । खनालले निर्मल बहुमुखी क्याम्पस बस्तिपुरबाट परीक्षा दिएका थिए ।

राजनीतिक तथा सामाजिक काम गर्दा शिक्षाको अति नै महत्वपूर्ण भूमिका हुने भन्दै उनले अब पढाइलाई निरन्तरता दिने बताए । उनी १ नम्बर वडाका वडाध्यक्ष एवम् बाल जीवन ज्योति माध्यामिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका छन् । २०५६ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेका खनालले पढ्ने चाहना र इच्छा हुँदाहुँदै घरको परिस्थितिले गर्दा पढाइलाई



निरन्तरता दिन नसकेर पढाइलाई बिचमै छाडेका थिए । 'घरमा समस्या थियो, आर्थिक विपन्नताले एसएलसी पछिको शिक्षालाई अगाडि बढाउन सकिनँ', उनले १२ कक्षाको परीक्षा दिने क्रममा यस्तो प्रतिक्रिया दिएका थिए ।

उनी वडाबाट समय मिल्दा बेला बेलामा विद्यालय अध्ययन गर्न समेत जाने गरे । जसले पढ्यो, त्यसले जित्यो भन्ने अभिप्रायका साथ उनी विद्यालयका अन्य विद्यार्थीहरूसंग सहभागी भएर अध्ययन गर्दै आइरहेका छन । उनी अध्ययन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पनि हुन् । उनले अध्यक्ष भएपछि सो विद्यालयमा ११ र १२ कक्षा सञ्चालन गरेका थिए । खनाल दुई पटक वडाध्यक्षमा निर्वाचित भएका छन् ।

# पालिका सरकारले बनायो रङ्गशाला !



◆ विकास संवाददाता

पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आफ्नै लगानीमा प्यारापिटसहितको फुटबल रङ्गशाला निर्माण गरेको छ । ४ नं. वडा स्थित भुरभुरेमा निर्माणाधीन सहिद स्मृति रङ्गशालाको निर्माण कार्य अन्तिम चरणमा रहेको पालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । पालिकाले गत आर्थिक वर्ष २०८०/०८१ को असोज १७ गते ठेक्का आह्वान गरी रङ्गशाला निर्माणको काम सुरु गरेको हो । निर्माणाधीन रङ्गशालामा सातौँ संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना गर्नेगरी तयारी गरिएको उनको भनाइ छ ।

युवाहरूलाई खेलकुदमा जोड्न सरकारले वातावरण तयार गर्नुपर्नेमा जोडदिँदै उनले भौतिक संरचना महत्वपूर्ण भएकाले पालिकाको आफ्नै बजेटमा मिनी रङ्गशालामा निर्माण गरिरहेको बताए । रंगशाला निर्माणका लागि स्थानीय, नेता, कार्यकर्ता, जनप्रतिनिधि, कर्मचारीले समेत श्रमदान गरेका थिए । २२ हजार ९२५ वर्गमिटर क्षेत्रफलमा निर्माणाधीन रङ्गशालाको खेलमैदानको उत्तर-पश्चिम दिशामा ६२ मिटर लम्बाई र १२.५ मिटर चौडाइको प्यारापिट बन्दैछ । प्यारापिट करिब दुई हजार पाँचसय दर्शक अटाउने क्षमताको छ ।

अहिले रङ्गशालाको ट्रस (छाना) सहितको प्यारापिट, ड्रेन (नाला), फेन्सीङ वायरसहितको घेराबार, ड्रेस चेन्जिङ रूम, शौचालयको निर्माणकार्य भइरहेको सबइन्जिनियर काशी रावलले बताए । रङ्गशालाको खेलमैदान, एथ्लेटिक्स ट्र्याक, मिनी ग्राउन्ड निर्माणलगायतका कार्य गाउँपालिकाबाट गरिरहेको र थप केही काम जनश्रमदानमार्फत भइरहेको छ । रङ्गशाला निर्माण आयोजनाको प्राविधिक अनुमानित लागत ३ करोड ७८ लाख १५ हजार ४८२ रूपियाँ छ । हेटौँडा-५ को सज्जय निर्माण सेवा प्रालिले आयोजनाको ठेक्का ३ करोड ९ लाख ५२ हजार ७५७ रूपियाँमा अर्थात निर्माण कम्पनीले १५.९९ प्रतिशत न्यून रकम कबोल गरेर ठेक्का हात पारेको गाउँपालिकाका सब इन्जिनियर राजेन्द्रबहादुर बोहराले जानकारी दिए । गाउँपालिका र निर्माण व्यवसायीबीच गत माघ ४ गते सम्झौता भएको र सम्झौताअनुसार आयोजनाको निर्माण कार्य चालु आर्थिक वर्षको माघ ३ गतेसम्ममा सम्पन्न गर्नुपर्ने सब इन्जिनियर बोहराले बताए ।

रङ्गशाला निर्माणकार्य करिब ८७ प्रतिशत सम्पन्न भएको र बाँकी कार्य एक महिनाभित्र सकाउने गरि काम भइरहेको निर्माण कम्पनीको दाबी छ । निर्माण सम्पन्न भएपछि रङ्गशालामा दुबो हाल्ने र घेराबारको कार्य हुनेछ । सोही रङ्गशालामा पालिकाले सातौँ संस्करणको गोल्डकप आयोजना गर्ने तयारी गर्दैछ ।

यसअघि खेलमैदान नहुँदा पहिलोदेखि छैटौँ संस्करणसम्म वडा नम्बर ८ स्थित जनता माविको खेल मैदानमा प्रतियोगिता आयोजना गरेको पालिकाले यसपटक भने आफ्नै रंगशालामा प्रतियोगिता गराउने तयारी गरेको हो ।

# २५० महिलालाई ड्राइभिङ तालिम दिने यातायात मन्त्रीको निर्णय

◆ विकास संवाददाता

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले महिलाहरूलाई निःशुल्क ड्राइभिङ तालिम दिने भएको छ । श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले पदभार ग्रहण गर्दै यस्तो निर्णय गरेका हुन् ।

प्रदेशमा सीपमूलक श्रमको अभिवृद्धि तथा यातायात क्षेत्रमा महिला सहभागिता वृद्धि गर्ने उद्देश्यले तालिमको व्यवस्था गर्न लागिएको मन्त्री महर्जनको भनाई छ । सार्वजनिक यातायातको क्षेत्रमा महिला चालकको सहभागिता बढाएर आत्मनिर्भर बनाउने उदेश्यका साथ तालिको आयोजना गर्न लागिएको हो । यातायात क्षेत्रलाई समावेशी, मर्यादित एवं सुरक्षित बनाउन महिला चालक उत्पादन तथा महिला लक्षित रोजगार कार्यक्रम अन्तर्गत रहेर कम्तिमा २५० जना महिलाहरूलाई तीन पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधन प्रशिक्षण सीप प्रदान गर्ने मन्त्री महर्जनको भनाई छ ।

त्यस्तै, मन्त्री महर्जनले सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा तीन पटक सम्म फेल भएकाले ९० दिन सम्म कुर्नुपर्ने व्यवस्था खारेज गर्ने पनि निर्णय गरेका छन् । उक्त समय घटाएर १ महिनामा ल्याउने निर्णय गरिएको मन्त्री महर्जनले बताए । सो निर्णय कार्यान्वयनका लागि यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौंलाई पत्र समेत पठाइएको उनको भनाई छ ।

साउन ९ गते नेवारी भाषामा सपथ खाएका यातायात मन्त्री महर्जनले पदभार सम्हाले लगतै मन्त्रालय मातहतका कार्यालय तथा सेवाग्रहीहरूको समस्याको विषयमा चासो देखाएका छन् । सोही अनुसार गत सोमबार काठमाडौंमा मातहतका १३ वटा यातायात व्यवस्था कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया



गरेका थिए । सो क्रममा उपस्थित कार्यालय प्रमुखहरूले आ-आफ्नो कार्यालय तथा सेवाग्राहीहरूको विषयमा जानकारी गराएका थिए । जसमा सेवाग्रहीहरूले सेवा लिनका लागि लामो समय खर्चनु पर्ने, हाल प्रयोग भैरहेको सर्भर डाउन हुने, लाइसेन्स छपाई ढिला हुँदा सेवाग्राहीहरूले भोग्नु परेका लगायतका समस्या राखेका थिए ।


**थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।**

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालबालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालबालिकाले शिक्षा पाउनु उनिहरुको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्युदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर








**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्नेछ । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मकवानपुरमा जीर्ण काठका पोलले जोखिम बढ्दै

◆ विकास संवाददाता

मकवानपुरमा जीर्ण काठका पोलले जोखिम बढ्दै छ । मकवानपुर जिल्लाका गाउँ गाउँमा विद्युत प्रसारण लाइन विस्तारका क्रममा गाडिएका जीर्ण बनेका काठको पोल नहटाउँदा जोखिम बढ्दै गएको हो ।

विद्युत विस्तारका क्रममा वर्षौ अघि नेपाल विद्युत प्राधिकरणले वर्षौअघि गाडेका काठका पोल यतिखेर कुहिएर, मकिएर र धमिराले खाएर जीर्ण बनी ढल्ने अवस्थामा पुग्दा जोखिम बढ्दै गएको स्थानीयको गुनासो छ । मकवानपुरको मकवानपुरगढी गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, भीमफेदी गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका लगायतका क्षेत्रमा विद्युत विस्तारका लागि गाडीएका काठका पोलका कारण अहिले समस्या बन्दै गएको हो ।



पहिले सिमेन्ट र फलामका पोलका सट्टा काठका पोल गाडीने भएकाले यो समस्या आएको मकवानपुरगढीका स्याम तिमल्सीना बताउँछन् । उनी भन्छन्–'कति पटक भन्नु, मुख नै दुःखी सक्यो । पोल जीर्ण बनी ढल्ने अवस्थामा पुगेको छ । कतिखेर दुर्घटना व्यहोर्नु पर्ने हो । काठको पोल हटाएर फलामको पोल गाडी दिए सधैँलाई ढुक्क हुने थियो ।"

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले जिल्लाका ग्रामीण क्षेत्रमा समेत फलाम र सिमेन्टको पोलको अभावमा सुरूका वर्षमा काठको पोल गाडेर विद्युत विस्तार गरेको स्थानीय बासिन्दा बत्ताउँछन् । मकवानपुर जिल्लाको सुगम ठाउँभन्दा दुर्गम ठाउँमा काठको पोल प्रयोग गरी विद्युत विस्तार कार्य भएको स्थानीय बत्ताउँछन् । स्थानीय तह गठन अघि तत्कालीन समयमा गाविस र जिविसले समेत बजेट लगानी गरी काठको पोल खरिद गरी विद्युत विस्तार गरेकाले यतिखेर समस्या आएको स्थानीयको भनाइ छ ।

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका अनुसार जिल्लाका विभिन्न भागमा गरी यतिखेर काठको पोल फेर्ने र सिमेन्टका पोल हालिदै आएको छ ।

# झम्केश्वर मन्दिर परिसर सरसफाई



◆ विकास संवाददाता

थाहा जीवन योग प्रयोगशालाको पहलमा थाहानगरको प्रसिद्ध धार्मिक स्थल झम्केश्वर महादेव मन्दिर जाने बाटो तथा मन्दिर परिसर सरसफाइ गरिएको छ ।

१९ साउनमा योग विज्ञान प्रयोगशालाका योगगुरू देवेन्द्र रूपाखेतीको अगुवाईमा मन्दिर प्रवेश गर्ने प्रवेशद्वार झम्केश्वरी माध्यामिक विद्यालयदेखि मन्दिर परिसर सम्म सरसफाइ गरिएको हो । सरसफाई कार्यक्रममा अर्चना बाबा धामका भक्तजनहरूको समेत सहभागिता रहेको थियो । ५० जना योग साधकहरूको सहभागितामा बाटो तथा मन्दिर सफाइ गरिएको थाहा जीवन योग प्रयोगशालाका अध्यक्ष बिमल कुमार ढकालले बताए ।

श्रावण महिनाभर प्रत्यक साता नगरका विभिन्न मन्दिर परिसर सरसफाइ गर्ने योजना रहेको योग गुरू रूपाखेतीले जानकारी दिए ।

# सांसद बर्तौला केन्द्रीय सदस्य मनोनित

◆ विकास संवाददाता

मकवानपुरका सांसद महेश बर्तौला एमालेको केन्द्रीय सदस्यमा मनोनीत भएका छन् ।

पार्टीको काममा दिनरात नभनीकन खटिने र मेहनती भएकाले बर्तौलाको लगातार बढुवा हुँदै आएको छ । एमाले अध्यक्ष केपी ओलीको विश्वास पात्र समेत भएको र पार्टी र संसदका काम अनी आफ्नो निर्वाचन क्षेत्रका जनताको समस्यामा सधै हातेमालो गर्दै आएका बर्तौला अब एमालेको केन्द्रीय सदस्यमा मनोनित भएका हुन् ।

१७ साउनमा बसेको सचिवालय सदस्य बैठकले १७ जना नेतालाई केन्द्रीय सदस्यमा मनोनीत गर्दा बर्तौलालाई पनि केन्द्रीय सदस्य बनाएको हो ।

# कर वृद्धिको विरोधमा निर्माण व्यवसायी संघको ध्यानाकर्षण



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले व्यवसाय कर वृद्धिको विरोधमा निर्माण व्यवसायी संघ मकवानपुरले हेटौंडा उपमहानगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ । संघका महासचिव राजेन्द्रप्रसाद चौलागाईंको नेतृत्वमा २० साउनमा व्यवसायीको समूहले ज्ञापन पत्र बुझाएको हो ।

उनीहरूले उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ज्ञापनपत्र बुझाएका छन् । निर्माण व्यवसायी चरम मारमा परेको अवस्थामा व्यवसाय कर बढाउँदा निर्माण व्यवसायीले व्यवसाय नवीकरण नै गर्न नसक्ने अवस्था सिर्जना भएको संघले ज्ञापनपत्रमा उल्लेख गरेको छ । बजारको माग र आपूर्ति सन्तुलन पुरै बिग्रिएको अवस्थामा व्यवसाय तथा बजार उकास्ने नीति लिनुपर्ने नगर पालिका जस्तो अभिभावक संस्थाले कर बढाउनु गैरजिम्मेवारीपन भएको संघले जनाएको छ ।

व्यवसायीको ज्ञापनपत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत गौतमले नगरपरिषद्को निर्णयबाट बढाइएको कर को दर सच्याउन नसकिने बताए । आगामी पुसमा हुने नगरसभामा सुधार गर्न सकिने र त्यसअघि नगर कार्यपालिकाले व्यवसाय नवीकरणको म्याद थप्न सक्ने उनले बताए ।

हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्षमा 'क', 'ख', 'ग' र 'घ' वर्गको निर्माण व्यवसायीको नवीकरण शूल्क क्रमशः सात हजार पाँच सय, पाँच हजार, चार हजार र तीन हजार रूपैयाँ कायम गरेको थियो भने चालु आर्थिक वर्षका लागि १० हजार, आठ हजार, सात हजार र पाँच हजार रूपैयाँ कायम गरेको छ ।

हेटौंडा उपमहानगरपालिकामा करिब चार सय निर्माण व्यवसायी रहेको संघले जनाएको छ । हेटौंडा उपमहानगर पालिकाले प्रतिस्पर्धामा निर्माण कार्य नगरी उपभोक्ता समितिमार्फत काम गर्ने गरेको भन्दै संघले ध्यानाकर्षण गराएको छ ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि
अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

ट्याङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# मुख्यमन्त्री लामाले भने-'मेरो पहिलो प्राथमिकता सुशासन'

◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले आफ्नो पहिलो प्राथमिकता सुशासन भएको बताएका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेश समितिले आफ्नो पार्टीबाट प्रदेश सरकारमा सहभागी भएका मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई बधाई ज्ञापन गर्ने कार्यक्रममा सम्बोधन गर्दै उनले भ्रष्टाचाररहित प्रदेशको निर्माणको अभियानमा आफू रहेको बताए । 'जनतामा देखिएको निराशालाई हटाउँदै सुशासन कायम गर्ने र देखिने गरी काम गर्ने मेरो योजना रहेको छ,' उनले भने । मुख्यमन्त्री लामाले दलका कार्यकर्ताहरूलाई साना र टुक्रे योजनाभन्दा पनि ठूला र प्रभावकारी योजना लिएर आउन सुझाएका छन् ।

कांग्रेस प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पार्टीसँगको समन्वय र सहकार्यमा आम नागरिकको हितमा काम गर्न आग्रह गरेका थिए ।

# 'अब सहकारीलाई चार समूहमा वर्गीकरण गरिने

◆ विकास संवाददाता

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) ले संघमा आवद्ध संस्थाहरूको वर्गिकरण गर्ने भएको छ । संघका प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद दाहालले संघको बार्षिक योजना अनुसार यस आर्थिक वर्षबाट संस्थाहरूको वर्गिकरण गरिने बताए ।

सक्षम, सामान्य, सुधार गर्नुपर्ने र निष्कृय गरी संस्थाहरूलाई ४ वटा समुहमा विभाजन गरिने उनको भनाई छ । त्यसका लागि संघले वर्गिकरणको आधार र सूचकहरू तयार गरेको भन्दै उनले सबै संस्थालाई एउटै उपचार विधि काम नलाग्ने जानकारी दिए । समस्यामा परेका सहकारीलाई पुनः सञ्चालन योग्य बनाउन कर्मचारीलाई तालिम शिक्षामार्फत दक्ष बनाउने र आवश्यक परे वित्तीय सहजीकरण समेत गर्ने उनको भनाई छ । संस्थाको अवस्था अनुसार आधारभूत, मध्यम र उच्च स्तरीय तालिम दिने र सक्षम संस्थाका व्यवस्थापकहरूलाई रिसोर्स पर्सनका रूपमा प्रयोग गर्ने उनले जनाए । संघमा बागमती प्रदेशभरका ४९४ संस्था आवद्ध छन् । त्यस मध्ये २२ संस्था कोशिस कार्यक्रममा सहभागी रहेका छन् । संघले संस्थाहरूलाई सुशासित, व्यावसायिक र सुरक्षित बनाउन कोशिस कार्यक्रम सञ्चालन गरेको हो ।

> सक्षम, सामान्य, सुधार गर्नुपर्ने र निष्कृय गरी संस्थाहरुलाई ४ वटा समुहमा विभाजन गरिने उनको भनाई छ । त्यसका लागि संघले वर्गिकरणको आधार र सूचकहरु तयार गरेको छ ।

चौंथो वार्षिकोत्सवको अवसरका कार्यपत्र प्रस्तुत गर्दै प्रमुख दाहालले संघले सञ्जाल व्यवस्थापन गरेर अगाडि बढ्ने नीति लिएको र सोही अनुरूपम ४ वटा जिल्ला बचत संघसँग सम्झौता समेत गरिसकेको बताए । बचत संघमार्फत सदस्य संस्थाहरूलाई तालिम तथा शिक्षा प्रदान गर्ने र संघहरूलाई सबल बनाउन कोशिस कार्यक्रममा सहभागी गराउने उनले बताए । संघले चालु आर्थिक वर्षमा २० वटा संस्थाको अनुगमन गर्ने र सुधारका लागि सहजीकरण समेत गर्ने जनाएको छ । संघले बागमती सरकारबाट स्वीकृत लिएर ऋण व्यवस्थापन, संगठन विकास, लेखा प्रणाली र युवाका लागि वित्तीय साक्षरता कार्यक्रमको पाठ्यक्रम विकास गरि सकेको छ । यस आर्थिक बर्षमा थप २ वटा नयाँ पाठ्यक्रम विकास गरेको समेत उनले जानकारी दिए । संघले गत आ.व.मा १८ वटा संस्थाको अनुगमन गरेको र सुशासनमा कसैसँग सम्झौता नगर्ने उनको भनाई छ ।

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं !**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय-समयमा सफा गरौं ।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"स्तनपानमा समानता: सबैको सहयोग र सहभागिता"
Closing the Gap — Breastfeeding Support for All
WABA | WORLD BREASTFEEDING WEEK 2024
विश्व स्तनपान सप्ताह २०२४ अगष्ट १ देखि ७
(श्रावन १७ -२३, २०८१)

- शिशु जन्मिए पछि जतिसक्दो चाँडो (१ घण्टा भित्र) आमाको दुध (विगौती दूध) खुवाऔं।
- शिशुलाई जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दूध मात्र खुवाऔं।
- वालवालिकालाई ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं।
- आमाको दूध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसंग लड्न सक्ने क्षमतालाई वढाउँछ।
- स्तनपानले महिलाहरूमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ।
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दूध वाहेक अन्य कुनै किसिमको दूध नखुवाऔं। दुधदानी/ वोतलको प्रयोग नगरौं।



स्तनपान सम्वन्धि उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई सम्पर्क गर्नुहोला

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी